नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाल्पा




## स्वत: प्रकाशन

## (Proactive Disclosure)

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम

२०८१ साल बैशाख, जेठ र असार महिनामा

सम्पादित कार्यहरुको विवरण

<u>प्रकाशक</u>

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, पाल्पा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३, ५२०१२४, ५२०१२५

च.नं.
प.स. २०८०/०८१

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

---

# प्रमुख जिल्ला अधिकारीको भनाई

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउनु यसको उद्देश्य रहेको छ ।

राज्यका काम कारवाही लोकतान्त्रिक पद्दति अनुरुप खुला र पारदर्शी भई नागरिक प्रति जवाफदेही र जिम्मेवार हुने सुशासनको अवधारणा अनुरुप कार्य संचालन गर्न जिल्ला प्रशासन कार्यालयबाट २०८० साल बैशाख, जेठ र असार महिनासम्म सम्पादित नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, बिद्युतीय राहदानी, पेन्सन तथा अन्य सिफारिश र दैनिक प्रशासन संचालन सम्बन्धी कार्यहरुको प्रगति विवरण अध्यावधिक गरी यो **स्वत: प्रकाशन (Proactive Disclosure)** प्रकाशन गरिएको छ ।

यसबाट नागरिकको सूचनाको हकको संरक्षण र संवर्द्धन भई प्रदान गरिने सेवामा आम नागरिक र सरोकारवालाहरु सु-सूचित हुने विश्वास लिएको छ। साथै सूचनाको हकको कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयको समन्वय, अग्रसरता र प्रतिवद्धता सदैव रहि रहनेछ।

२०८१, असार ३१

..................
(आनन्द काफ्ले)
प्रमुख जिल्ला अधिकारी

आनन्द काफ्ले
प्रमुख जिल्ला अधिकारी

# सूचना सार्वजनिक गर्ने निकायको नामः-जिल्ला प्रशासन कार्यालय, पाल्पा ।
# सूचना सार्वजनिक गरेको अवधिः- आर्थिक वर्ष २०८०/८१
# बैशाख, जेष्ठ र असार महिना

## १. जिल्ला प्रशासन कार्यालय, पाल्पाको कार्य र प्रकृतिः-

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने, नागरिकता प्रमाणपत्र सम्बन्धि सेवा प्रदान गर्ने, स्थानीय प्रशासन सम्बन्धि कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सार्वजनिक शान्ति विरुद्धका कसुर, उपभोक्ता हित लगायत विशेष ऐनले प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यको शुरु कारवाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय, सहजीकरण गर्नु जिल्ला प्रशासन कार्यालय, पाल्पाका मुख्य-मुख्य कार्यहरु हुन्। बिधुतीय राहदानी सम्वन्धि सेवा, राष्ट्रिय परिचयपत्र र फोटो सहितको मतदाता नामावली सम्वन्धि ईकाईको सञ्चालन गरी सेवा प्रदान गर्ने, बिभिन्न प्रकारका सिफारिस तथा प्रमाणित गर्ने कार्य, सुशासन प्रर्वद्धन गर्न पहरेदारी गर्ने यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरुका बारेमा सरोकारवालाहरुलाई सूसुचित गराई प्राप्त पृष्ठपोषणका आधारमा निरन्तर सुधार गरी पारदर्शी र सु-शासनयुक्त कार्य प्रणाली बनाउने उद्देश्य रहेको छ ।

## २. जिल्ला प्रशासन कार्यालय, पाल्पाको दृष्टिकोण, लक्ष्य, उद्धेश्य र रणनीति देहाय बमोजिम रहेका छन्।

### २.१ दृष्टिकोण

जिल्लामा प्रभावकारी शान्ति सुरक्षा र सुशासन कायम गर्ने ।

### २.२ लक्ष्य

नेपालको संविधान तथा कानूनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्दै शान्ति सुरक्षा र सुशासन कायम गर्ने रहेको छ । जनताको माग र आधारभूत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई सञ्चालन गरी जिल्लामा भरपर्दो शान्ति-सुरक्षा कायम गरी सुशासनको प्रत्याभूति दिने यस कार्यालयको लक्ष्य रहेको छ ।

### २.३ उद्देश्य

जिल्लामा शान्ति-सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउने यस कार्यालयको मूलभूत उद्देश्यहरु रहेका छन्।

## ३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

- जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्ने ।
- जिल्लामा संचालित विकासको कार्यहरुमा सहयोग र समन्वय गर्ने
- जिल्लाभित्र नेपाल सरकार, जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाले संचालन गरेका विकास कार्यहरुमा सहयोग पुर्याउने।
- जिल्लाभित्र रहेका नेपाल सरकारको सम्पत्तिहरूको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने।
- नेपाली नागरिकता प्रमाणपत्र जारी गर्ने ।
- बिद्युतीय राहदानी सम्बन्धी कार्य गर्ने ।
- हातहतियारको इजाजत प्रदान तथा नविकरण गर्ने ।
- संस्था दर्ता तथा नविकरण गर्ने ।
- जिल्लामा आइपर्ने विपद्हरुको व्यवस्थापन गर्ने ।
- जिल्लामा बस्तुहरुको आपूर्तीलाई व्यवस्थित गर्ने ।
- जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने ।
- नावालक परिचय पत्र जारी गर्ने ।
- प्रचलित कानून, नीति, निर्देशन बमोजिम नेपाल सरकारको प्रतिनिधिको रुपमा कार्य गर्ने ।
- सस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता तथा नविकरण गर्ने
- स्थानीय प्रशासन ऐन र अन्य प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र पर्ने मुद्दा मामिलाको कारवाही र किनारा गर्ने ।
- प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

## ४. संगठनात्मक संरचना एवं दरबन्दी

### जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वीकृत कर्मचारी दरबन्दी र कार्य विवरण:-

| सि.नं. | पद | श्रेणी | संख्या | पूर्ति | रिक्त | कार्य बिवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प. प्रथम | १ | १ | - | जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सुरक्षा व्यवस्था मिलाउने । | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्बितीय | १ | १ | - | प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने। | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | २ | २ | - | प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने। | |
| ४ | नायब सुब्बा | रा.प.अनं प्रथम | ७ | ७ | - | फाँट प्रमुख भई सम्वन्धित फाँटलाई तोकिएका कार्यहरु सम्पादन गर्ने। | |
| ५ | लेखापाल | रा.प.अनं प्रथम | १ | १ | - | आर्थिक ऐन तथा नियमावली बमोजिम लेखा सम्बन्धि कार्य गर्ने | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | २ | २ | - | सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धि कार्य गर्ने । | करार १ |
| ७ | खरिदार | रा.प.अनं. द्बितीय | ४ | ४ | - | सम्वन्धित फाँट प्रमुखको मातहतमा रही तोकिएको कार्य सम्पादन गर्ने। | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | - | सवारी साधन चलाउने र आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | करार २ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | - | कार्यालयको सरसफाइ लगायत आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | करार ७ |
| | जम्मा स्थायी कर्मचारी दरवन्दी संख्या | | २७ | २७ | - | | |
| राष्ट्रिय परिचय पत्र विवरण दर्ता अपरेटर (करार) | | | २ | | | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्ने | |
| राष्ट्रिय परिचय पत्र दर्ता सहयोगी (करार) | | | १ | | | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्न सहयोग गर्ने | |

## ५.जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवाको विवरणहरु :-

### ५.१ शान्ति सुरक्षा सम्बन्धी कार्य:

- जिल्लामा शान्ति-सुरक्षा कायम राख्ने ।
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदाय स्तरमा सचेतीकरण गर्ने ।
- सुरक्षा निकायहरुको परिचाल गर्ने ।
- शान्ति-सुरक्षा सम्बन्धी निवेदन, ठाडो उजुरी र गुनासो व्यवस्थापन ।
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरु सँग सहकार्य गर्ने ।

### ५.२ स्थानीय प्रशासन सम्बन्धी कार्य:

- नागरिकता वितरण
  - वंशजको आधारमा नागरिकता
  - अंगिकृत नागरिकता
  - गैर आवासिय नागरिकता
- राहदानी सिफारिश तथा वितरण।
- नाबालक परिचयपत्र।
- जनजाती/दलित/खसआर्य प्रमाणित।
- साविकमा जारी भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
- हातहतियार र खरखजानाको इजाजत, नविकरण र नियन्त्रण।
- संस्था दर्ता, संस्था नविकरण, विधान संशोधन, पत्रिका दर्ता, छापाखाना दर्ता र संचालन स्वीकृति।

### ५.३ अनुगमन सम्बन्धी कार्य:

- बजार अनुगमन (स्थानीय तहको समन्वयमा)
- जिल्ला स्थित कार्यालयहरुको समन्वय र अनुगमन
- विकास निर्माण कार्यमा सहयोग, समन्वय र सहजिकरण

### ५.४ विपद व्यवस्थापन सम्बन्धी कार्य:

- जिल्ला विपद् सम्बन्धी कार्ययोजना निर्माण
- मनसुनपूर्व आपतकालीन कार्ययोजना
- विपद् न्यूनीकरणका लागि तयारी
- विपद प्रतिकार्य पूर्वयोजना, खोजी, उद्दार, सहयोग, क्षतिपूर्ति

### ५.५ द्वन्द्व पिडितहरुलाई राहत वितरण।

### ५.६ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी

- सार्वजनिक मुद्दा।
- गुनासो वा ठाडो उजुरी।

### ५.७ हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी

- हातहतियार नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।

### ५.८ संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा

- संस्था दर्ता/नविकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।
- संस्था दर्ता खारेजी ।

### ५.९ राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा

- नागरिकता प्रमाण पत्र लिएका व्यक्तिहरुको वैयक्तिक तथा जैविक विवरण संकलन गर्ने।
- राष्ट्रिय परिचय पत्र नम्वर र कार्ड वितरण गर्ने ।

### ५.१० विविध कार्य

- गुनासो सुनुवाई गर्ने ।
- विकास आयोजनाहरुको कार्यान्वयनमा समन्वय गर्ने ।
- स्थानीय तहहरुसँग समन्वय गर्ने ।
- सरकारी निकायबाट हुने सार्वजनिक सेवा प्रवाहको अनुगमन गर्ने ।
- नेपाल सरकार, गृह मन्त्रालय, लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने तथा प्रतिवेदन गर्ने।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः-

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १ | नागरिकता तथा प्रतिलिपी शाखा | दिनेश ज्ञवाली, प्रशासकीय अधिकृत (९८४९१९१६६५) | सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा राना ९८५७०६०३३३ |
| २ | मुद्दा तथा हातहतियार शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत (९८५७०६५५९०) | |
| ३ | राहदानी तथा जिन्सी दर्ता शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत | |
| ४ | अभिलेख व्यवस्थापन शाखा | दिनेश ज्ञवाली, प्रशासकीय अधिकृत | |
| ५ | आर्थिक प्रशासन शाखा | सूर्य प्रसाद गैरे, लेखापाल (९८४७०९९९३३) | |
| ६ | राष्ट्रिय परिचयपत्र | मधु पाण्डे विवरण दर्ता अपरेटर (९८६६२६७६७९) | |

## ७. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः-

| सि.नं. | सेवाको किसिम | दस्तुर | सेवाको समय लागत |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्र- | | |
| | क) वंशजको आधारमा | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| | ख) बैवाहिक अङ्गिकृत नागरिकताको हकमा | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| | ग) नागरिकता प्रतिलिपि | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| २ | क) नाता प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ख) नाबालक परिचयपत्र | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ग) नाम थर प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |

| | | | |
|---|---|---|---|
| | घ) पेन्सन सम्बन्धि कागजात सिफारिस | रु. १० को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश भएको १ घण्टाभित्र |
| | ङ) अन्य विवरण प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) जनजाती/दलित प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ३ | क) ठाडो उजुरी | रु. १० को हुलाक टिकट | १५ मिनेट भित्रै |
| | ख) संस्था दर्ता | रु.१,००० ।- | अंग पुर्याई पेश भएकोमा सोही दिन (प्रहरी प्रतिवेदन र सम्बन्धीत निकायवाट जवाफ प्राप्त भएको दिन) |
| | ग) संस्था नविकरण | रु ५००।- | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पत्रिका दर्ता | रु.१,००० ।-, ७५०।-, ५००।-, ३००।- र २००।- क्रमश: दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक, पाक्षीक र मासिक र अन्य | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ङ) छापाखाना दर्ता | रु.१,००० ।- | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) हातहतियार इजाजत | तोकिए बमोजिम । | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | छ) हातहतियार नवीकरण | तोकिए बमोजिम । | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ज) शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा नाम, थर र उमेर संशोधन | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | विद्युतीय राहदानी<br>क) केन्द्रबाट लिनको लागि | रु. १२,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| ४. | ख) बिग्री च्यातिई काम नलाग्ने भएको वा हराएको | रु.१०,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | ग) यसै कार्यालयबाट लिने वा म्याद नाघेको राहदानी | रु.५,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| ५ | दैवी प्रकोप राहत | रु. १० को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश भएको १ घण्टाभित्र |

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारः-

प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम सहायक प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरुबाट कार्यान्वयन हुने ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी :- प्रमुख जिल्ला अधिकारी

## १०. सम्पादन गरेको कामको त्रैमासिक विवरणः-

- जिल्लामा संचालित विकास निर्माणसंग सम्बन्धित आयोजनाहरुमा आइपरेका समस्या समाधानका लागि समन्वय तथा सहजीकरण गरिएको ।
- मिति २०८१/०२/०९ गते बगनासकाली गाउँपालिकाको सभाहलमा अपराध न्यूनिकरण गर्न सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८१/०२/२८ गते रैनादेवी छहरा गाउँपालिकाको सभाहलमा लागु औषधको दुर्व्यसन तथा अवैध ओसार पसार नियन्त्रण, साईवर अपराध न्यूनिकरण गर्न सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- लागु औषध दुरुपयोग एवं ओसार ओसार पसार विरुद्ध अन्तराष्ट्रिय दिवस जुन २६, २०२४ को अवसरमा २० जुनदेखि २६ जुन, २०२४ तदनुसार २०८१, ६ आषाढदेखि १२ गतेसम्म सप्ताहव्यापी कार्यक्रम सम्पन्न गरिएको
- मिति २०८१/०३/०७ (२१ जुन, २०२४) गते अन्तराष्ट्रिय योग दिवसको अवसरमा जिल्ला प्रशासन कार्यालयको आयोजना तथा श्री पतञ्जली योग समिति, पाल्पाको सहकार्यमा **"महिला सशक्तिकरणको लागि योग"** भन्ने नारा सहित कर्मचारी, सुरक्षा निकायहरुको लागि योगाभ्यास कार्यक्रम संचालन गरिएको ।
- प्रमुख जिल्ला अधिकारीबाट विभिन्न मितिमा कारागार कार्यालय तथा प्रहरी चौकीहरुको निरीक्षण गरी सुरक्षाकर्मीहरुलाई कर्तव्यपालन गर्न, सम्भावित विपद्का घटना प्रति सचेत रहन, विपद् घटना व्यवस्थान र समन्वय गर्न, मुस्कान सहितको सेवामैत्री/पिडितमैत्री व्यवहार गर्न, ट्राफिक नियमलाई कडाईका साथ पालना गराई सवारी दुर्घटना न्यूनीकरण गर्न साथै निर्भिकता पूर्वक शान्ती सुरक्षाका पक्षमा ध्यान दिन निर्देशन दिईएको।

| सि.नं. | निरीक्षण मिति | स्थान | कैफियत |
|---|---|---|---|
| १ | २०८१/०२/२३ | कारागार कार्यालय, पाल्पा | |
| २ | २०८१/०२/२८ | प्रहरी चौकी मुझुङ्ग, रिव्दीकोट गाउँपालिका , पाल्पा | |
| ३ | २०८१/०२/२८ | प्रहरी चौकी हार्थोक, रिव्दीकोट गाउँपालिका., पाल्पा | |

- सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज तथा चुस्त राख्न मिति २०८१/०३/११ गते सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा रानाको नेतृत्वमा जिल्ला स्थित ५ वटा कार्यालयहरुको छड्के निरीक्षण तथा कार्यालयबाट सम्पादन भए गरेका कार्यहरुको सम्वन्धमा विभिन्न २३ वटा सूचकहरुमा अनुगमन गरी सरकारी सेवा सुविधालाई प्रभावकारी बनाई सार्वजनिक सेवा प्रवाहलाई सहज र सरल तथा चुस्त राख्न निर्दे दिईएको ।आकस्मिक रुपमा गरिएको निरीक्षणमा कर्मचारीहरुलाई नियमित पोशाक तथा परिचय पत्र लगाउन, समय पालना गर्न तथा अनुशासन कायम गर्न निर्देशन दिईएको ।
- बजारमा कृत्रिम अभाव, जम्माखोरी, कालो बजारी हुन, गर्न नदिन र दैनिक उपभोग्य वस्तुको आपूर्ति, वितरण कार्यको लागि तानसेन नगरपालिका, रामपुर नगरपालिका र रम्भा गाउँपालिकाका बजारहरुमा व्यापार व्यवसायलाई मर्यादित र उपभोक्ताहरुलाई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले ३ पटक संयुक्त बजार अनुगमन गरि मापदण्ड विपरित कारोवार गर्ने पसलहरुको सामान जफत गरि नष्ट गरिएको ।









- यस त्रैमासिकमा ६१३० जना नागरिकहरुको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गरिएको।

## ११. जिल्ला प्रशासन कार्यालय पाल्पाबाट सम्पादित कार्यहरुको विवरण

### चौथो त्रैमासिक प्रगति विवरण

| सि.न. | विषय | सम्पादन गरेको काम | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सेवा प्रवाह | नयाँ नागरिकता वितरण वंशज | १०७० | ३११६ | २०७५ | ६२६१ |
| २ | | गैर आवासिय नागरिकता | ४ | ३ | २ | ९ |
| ३ | | वैवाहिक अंगीकृत नागरिकता | - | २ | - | २ |
| ४ | | प्रतिलिपि नागरिकता | ३९६ | ६५७ | ४६० | १५१३ |
| ५ | | विद्युतिय राहदानी दर्ता | ८३२ | ९०८ | ७१७ | २४५७ |
| ६ | | विद्युतिय राहदानी द्रुत सिफारिस | २५ | ३१ | १६ | ७२ |
| ७ | | एम.आर.पि. र विद्युतिय राहदानी वितरण | ७९४ | ८६५ | ७३८ | २३९७ |
| ८ | | संस्था दर्ता | १ | ४ | - | ५ |
| ९ | | संस्थाको विधान संशोधन | १ | - | - | १ |
| १० | | चालु.आ.ब.मा भएका मुद्दा दर्ता | ४ | ३ | २ | ९ |
| ११ | | यस आ.ब.मा भएका मुद्दा फैसला | ३ | ३ | २ | ८ |
| १२ | | संस्था नविकरण | ६ | ३ | १७ | २६ |
| १३ | | हातहतियार नविकरण | - | - | २३ | २३ |
| १४ | | हातहतियार फिर्ता बुझाएको | १ | - | ३ | ४ |
| १५ | | घटना दर्ता रद्द | १ | - | - | १ |
| १६ | | उमेर, नाम र जात सच्याउने | ८ | ११ | ४ | २३ |
| १७ | | ठाडो उजुरी परेको संख्या | ४ | ११ | ४ | १९ |
| १८ | | ठाडो उजुरी फछ्यौट संख्या | ४ | ५ | ४ | १३ |
| १९ | | विस्फोटक पदार्थ ब्लास्टिङको नाइके इजाजत पत्र | - | ५ | - | ५ |
| २० | | नाबालक परिचयपत्र | १६ | २१ | २२ | ५९ |
| २१ | | व्यक्ति प्रमाणित लगायतका सिफारिस | १७३ | १६४ | १५६ | ४९३ |
| २२ | | राष्ट्रिय परिचयपत्र विवरण संकलन | १११३ | २३७९ | २६३८ | ६१३० |
| २३ | | राष्ट्रिय परिचयपत्र वितरण | १९८ | १८८ | १५९ | ५४५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | महत्वपूर्ण बैठक | जिल्ला सुरक्षा समितिको बैठक | ४ | ४ | २ | १० |
| २५ | | अन्तर जिल्ला सुरक्षा समितिको बैठक | - | - | १ | १ |
| २६ | | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक | - | १ | - | १ |
| २७ | | जिल्ला विपद् सहायता कक्षको बैठक | - | - | १ | १ |
| २८ | | जिल्ला विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी संस्थाको बैठक | - | - | १ | १ |
| २९ | | जिल्लामा क्रियाशिल राजनीतिक दलसंग समन्वय बैठक | - | १ | - | १ |
| ३० | | कार्यालय प्रमुख बैठक | १ | १ | १ | ३ |
| ३१ | | कार्यालय कर्मचारी बैठक | १ | १ | १ | ३ |
| ३२ | | सूचना अधिकारीहरु संगको बैठक | - | १ | - | १ |
| ३३ | | DEOC/LEOC को समन्वयात्मक बैठक | - | १ | - | १ |
| ३४ | | विदेशी नागरिक अनुगमन निर्देशिका २०७५ बमोजिमको जिल्ला अनुगमन समितिको बैठक | १ | १ | - | २ |
| ३५ | | जिल्ला स्तरीय राजस्व चुहावत बैठक | - | १ | - | १ |
| ३६ | | विकास आयोजनाको अनुगमन, शान्ति सुरक्षा व्यवस्थापन | - | - | १ | १ |
| ३७ | | जिल्ला अनुगमन समितिको बैठक | १ | - | - | १ |
| ३८ | | अस्पताल व्यवस्थापन तथा सेवा प्रवाह सम्बन्धमा बैठक | १ | - | - | १ |
| ३९ | | राजमार्ग (सडक) अवरोध हटाउने जिल्ला स्तरिय समन्वय समितिको बैठक | १ | २ | - | ३ |
| ४० | | स्थानिय तहमा अपराध न्यूनिकरण सम्बन्धि सचेतना कार्यक्रम | - | - | १ | १ |
| ४१ | | लागु औषध नियन्त्रणका लागि सुरक्षा निकाय र सरोकारवालाहरु बिच समन्वय बैठक | - | - | १ | १ |
| ४२ | | लागु औषध कारोवार निषेध व्यवस्थापन सम्बन्धि जिल्ला अनुगमन तथा समन्वय समितिको बैठक | - | १ | - | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४३ | | राजमार्ग (सडक) अवरोध हटाउने जिल्ला स्तरिय समन्वय समितिको बैठक | १ | २ | - | ३ |
| ४४ | | विशेष नापी कार्यालयवाट भइरहेको जग्गा नापनक्सा सम्बन्धी बैठक | १ | - | - | १ |
| ४५ | | कसुरजन्य सम्पत्तिको जिल्ला स्तरीय अनुगमन तथा मूल्याङकन समितिको बैठक | - | - | १ | १ |
| ४६ | | कार्यालय अनुगमन | - | - | ४ | ४ |
| ४७ | अनुगमन | सुरक्षा निकायको अनुगमन | - | - | १ | १ |
| ४८ | | कारागार निरीक्षण | - | १ | - | १ |
| ४९ | | बजार अनुगमन | १ | २ | १ | ४ |
| ५० | | संघ/संस्थाको अनुगमन | २ | २ | २ | ६ |
| ५१ | | राजस्व संकलन | ४५५५०२० | ४८३८९०० | ३८१७२८० | १,३२,११,२००/- |
| ५२ | | विपद् पिडित परिवार संख्या | ९ | ४ | १ | १४ |
| ५३ | विपद् प्रकोप सम्बन्धी | विपद् पिडितलाई राहत रकम | ११७००० | ५३००० | १५००० | १८५,०००/- |
| ५४ | | विपद् प्रकोपवाट मृत्यु | १ | - | १ | २ |
| ५५ | | विपद् प्रकोपवाट मृतकलाई राहत | २००००० | - | २००००० | ४,००,०००/- |
| ५६ | | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको किरिया खर्च रकम | ५०००० | १००००० | - | १,५०,०००/- |
| ५६ | | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको बीमा रकम | ५००००० | १५००००० | - | २०,००,०००/- |

## १२. विपद् व्यवस्थापन सम्बन्धी मुख्य कार्य

१ जिल्ला प्रशासन कार्यालय पाल्पावाट मिति २०८१ बैशाख  देखि मिति २०८१ असार मसान्त सम्म विपद् राहत वितरण भएको संघ तर्फ खर्च २३ जनालाई रु ३,६५,०००/- (तिनलाख पैसठ्ठी हजार), रुखले च्यापेर/चट्याङ्गबाट मृतक २ जनालाई ४,००,०००/- (चार लाख) र प्रदेश तर्फ विपद् घट्नाका ३२ जनालाई रु. १०,०५,०००/- (दश लाख पाँच हजार मात्र) र कोभिड मृतक २ जनाको रु. २,००,०००/- (दुई लाख मात्र) गरी कुल जम्मा रु.१९,७०,०००/- (उन्नाइस लाख सत्तरी हजार मात्र) वितरण गरिएको।

## १३. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः-

(क) कार्यालय प्रमुखः-

नाम :आनन्द काफ्ले

पद: प्रमुख जिल्ला अधिकारी

(ख) गुनासो सुन्ने अधिकारी / सूचना अधिकारीः-

नाम :भक्ति सरा राना

पद: सहायक प्रमुख जिल्ला अधिकारी

## १४. ऐन नियम विनियम वा निर्देशिकाको सूचीः-

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन तथा नियमावली, २०६३
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- संस्था दर्ता ऐन तथा नियमावली, २०३४
- मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र फौजदारी कसूर निर्धारण तथा कार्यान्वयन ऐन, २०७४
- हातहतियार तथा खरखजाना ऐन, २०१८
- राहदानी ऐन, २०७६
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- गृह प्रशासन सुधार कार्य योजना, २०७८
- नागरिकता वितरण कार्यविधि निर्देशिका
- मन्त्रालयबाट भएका परिपत्रहरु

१५. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण (आ.व. ०८०/०८१ को बैशाख, जेठ र असार मसान्त सम्मको)

→ कुल राजस्व रु. ५८७६२७६५ /-
चालु खर्च रु. १८७४८२५५.७०
पूंजीगत खर्च रु. १४७१०९२/-

→ कुल खर्च रकम रु. २०२१९३४७.७/-

१६. तोकिए बमोजिमका अन्य विवरणः

---

१७. अघिल्लो आर्थिक वर्षमा यस कार्यालयले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए

१८. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरणः-

→ वेभसाईटः- http://daopalpa.moha.gov.np

→ ईमेलः- daopalpa@gmail.com

→ Facebook :- https://www.facebook.com/dao.palpa.148

→ फोन नं. ०७५-५२०१२३, ०७५-५२०१२४, ०७५-५२०१२५, ९८५७०६०३३३

१९. यस कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण :- नभएको ।

२०. यस कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः

## २१. यस कार्यालयले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनहरु :-






### १.अपराध न्यूनिकरण सचेतना कार्यक्रम

हाम्रो समाजमा हरेक दिन विभिन्न अपराधका घटनाहरु घटेका हुन्छन् । कुनै मानिसले अपराध किन र के का लागि गर्दछ भनेर एकिन साथ भन्न सकैदैन । मानिसले गर्ने अपराध फरक फरक किसिमका हुन्छन् । कुनै पनि समाजलाई सभ्य, शान्ति र सुव्यवस्थित ढंगले संचालन गर्न अपराधलाई नियन्त्रण गर्नु पर्ने हुन्छ । हाम्रा समाजमा रहने व्यक्तिहरुलाई समयमै सचेतना गर्न सकियो भने अपराध न्यूनिकरण गर्न सकिन्छ । अपराधको प्रवृत्ति अन्त नभईकन समाजलाई रुपान्तरण गर्न सकिंदैन । यस जिल्लामा अपराधमुक्त समाज निर्माण गर्ने उद्धेश्यले प्रमुख जिल्ला अधिकारी श्री आनन्द प्रसाद काफ्लेको अध्यक्षता तथा बगनासकाली गाउँपालिकाका प्रमुख श्री सरस्वती दर्लामी चिदीको प्रमुख आतिथ्यतामा मिति २०८०/०२/०९ गते अपराध न्यूनिकरण सचेतना कार्यक्रम सम्पन्न गरिएको थियो ।बगनासकाली गाउँ पालिका अन्तर्गतका वडा अध्यक्ष, कार्यपालिकाका सदस्य, कर्मचारीहरुको सहभागीता रहेको उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक सुगन्ध श्रेष्ठले सहजीकरण गर्नु भएको थियो ।





**२. लागु औषधको दुर्व्यसन तथा अवैध ओसार पसार नियन्त्रण सचेतना कार्यक्रम:** लागु औषधको दुर्व्यसन तथा अवैध ओसार पसारको समस्या कुनै एक स्थान, मुलुक वा क्षेत्र विशेषको समस्या मात्र नभई विश्व समुदायकै सामुहिक समस्या हो । यो जटिल समस्यालाई समयमै समाधान गर्नु पर्ने आजको आवश्यकता हो ।मिति २०८१/०२/२८ गते लागु औषधको दुरुपयोग तथा दुर्व्यसनको समस्या र अवैध ओसार पसार नियन्त्रण तथा वर्तमान समयमा अपराधको रुपमा देखा परेका साईवर अपराधलाई न्यूनीकरणको लागि सचेतना अभिवृद्धि गर्ने उद्धेश्यले प्रमुख जिल्ला अधिकारी श्री आनन्द काफ्लेको अध्यक्षता तथा रैनादेवी छहरा गाउँपालिकाका प्रमुख रुक्मांगत भट्टराईको प्रमुख आतिथ्यतामा सचेतना कार्यक्रम संचालन गरिएको थियो ।गाउँपालिकाका उपाध्यक्ष, सबै वडाका वडा अध्यक्ष, कार्यपालिकाका सदस्य, सुरक्षा निकायका प्रमुखहरुको उपस्थितीमा सम्पन्न भएको थियो । सचेतनाका विषयमा प्रहरी सहायक निरिक्षक मोहन खड्काले सहजीकरण गर्नु भएको थियो । कार्यक्रममा प्रहरी उपरिक्षक नरेन्द्र चन्द, पालिका प्रमुख रुक्मांगत भट्टराई र प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले मन्तव्य राख्नु भएको थियो ।











## ३. लागु औषधको अवैध ओसार पसार तथा दुर्व्यसन विरुद्धको अन्तराष्ट्रिय दिवसः

लागु औषधको अवैध ओसार पसार तथा दुर्व्यसनले व्यक्ति, परिवार र राष्ट्रलाई कति हानी पुर्याउछ भन्ने कुरा जान्दा जान्दै पनि मानिसहरु यस्तो अपराध गर्न पछि हट्दैनन् ।विश्व मानव समदुायकै समस्याको रुपमा देखा परेको लागु औषधको अबैध ओसार पसारलाई न्यूनिकरण गर्न र युवाहरुलाई दुर्व्यसनबाट मुक्त गर्न लागु औषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्धको अन्तराष्ट्रिय दिवस २६ जुन, २०२४ को अवसरमा सप्ताहव्यापी कार्यक्रमको कार्ययोजना सहित यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री आनन्द काफ्लेको अध्यक्षतामा मिति २०८१/०३/०६ गते शुभारम्भ भएको सप्ताहव्यापी कार्यक्रमको अवधिभर स्थानीय तह र सरोकारवालाको समन्वयमा विविध कार्यक्रम संचालन गरिएको थियो।सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन मिति २०८१/०३/१२ गतेका दिन ७.३० वजे शुरु भएको वृहत ऱ्यालीमा स्थानीय तह, विभिन्न विद्यालयका विद्यार्थीहरु, टोल विकास संस्था, कार्यालयका कर्मचारी, सुरक्षा निकायहरु सहभागीता रहेको ऱ्यालीमा सचेतनाका लागि लागू औषध विरुद्धको प्लेकार्ड सहित जिङ्गल बजाईएको र नगर परिक्रमा गरि तानसेन नगरपालिका वडा नं. ६ टुँडिखेलमा समापन गरिएको थियो। कार्यक्रममा लागु औषध दुर्व्यसनीबाट पुर्नस्थापना भएका व्यक्ति, नगर प्रमुख तथा प्रमुख जिल्ला अधिकारीले मन्तव्य राख्नु भएको थियो ।









## २२. यस कार्यालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः-

यस त्रैमासिक अवधिमा ६ वटा सूचना माग भएकोमा माग भएका सबै सूचना उपलव्ध गराईएको।

## २३. यस कार्यालयलको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः-

कार्यालयको WebSite (https://daopalpa.moha.gov.np) र

Facebook (https://www.facebook.com/dao.palpa.148) मा प्रकाशन गर्ने गरिएको ।

## २४. नवप्रवर्द्धनात्मक क्रियाकलापहरुः-

- तानसेन नगरपालिका वडा नं. ११ निवासी पूर्ण रुपमा अशक्त २३ बर्षका प्रतिक रानाभाटलाई प्रमुख जिल्ला अधिकारी निजकै घरमा पुगि नागरिकता प्रदान गरिएको ।
- रामपुर नगरपालिका, माथागढी गाउँपालिका र पूर्वखोला गाउँपालिकामा आगलागीबाट घरगोठ क्षती भएका घरका परिवारहरुलाई प्रमुख जिल्ला अधिकारी स्वयं घटनास्थलमा पुगी राहत रकम वितरण गर्नु भएको ।
- तानसेन नगरपालिका वडा नं. ६ बसपार्क नजिकै सडक छेउमा बर्षौंदेखि कवाडी सामानहरु थुपार्ने र च्यातिएका होर्डिङ्ग बोर्ड नहटाई बजारको सौंदर्यकरणमा नराम्रो प्रभाव पारेको विषयलाई मध्येनजर गरि प्रमुख जिल्ला अधिकारीको निर्देशनमा कवाडी सामान र च्यातिएका होर्डिङ्ग बोर्डहरु हटाउने कार्य भएको ।
- तानसेन नगरपालिका वडा नं. ६ बसपार्क नजिकै सडक छेउमा बर्षौंदेखि कवाडी सामानहरु थुपार्ने र च्यातिएका होर्डिङ्ग बोर्ड नहटाई बजारको सौंदर्यकरणमा नराम्रो प्रभाव पारेको विषयलाई मध्येनजर गरि प्रमुख जिल्ला अधिकारीको निर्देशनमा कवाडी सामान र च्यातिएका होर्डिङ्ग बोर्डहरु हटाउने कार्य भएको ।
- कार्यालयमा सेवा लिन आउने ज्येष्ठ नागरिक, अशक्त र फरक क्षमता भएकाहरुलाई लाईन लाग्न नपर्ने गरि यथाशिघ्र सेवा प्रदान गर्नुका साथै सेवा लिने स्थानसम्म पुग्नका लागि Wheel Chair को व्यवस्थापन गरि कार्यालयलाई पूर्ण रुपमा सेवाग्राही मैत्री बनाईएको।
- पालो पर्खने सेवाग्राहीलाई घाम र पानीबाट बच्न Truss निर्माण गरि बस्नको लागि पर्याप्त कुर्चीतथा बेन्चहरुका साथै सेवाग्राहीहरुको लागि पिउने पानीको व्यवस्था गरिएको ।
- नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्रको सेवा लिन आउने सेवाग्राहीहरुलाई सेवा लिनका लागि लामो समय लाईन लाग्न नपर्ने गरी छिटो, छरितो र सहज बनाउन First come First Out प्रणाली अनुरुप Calling, Display सहितको Electronic Token System लागू गरिएको

- कार्यालयको परिसरमा सेवाग्राही स्वास्थ्य परिक्षण कक्ष संचालन गरि सेवाग्राहीहरुको स्वास्थ्य परिक्षण गरिएको।
- दुर्घटना न्युनिकरणको लागी मादक पदार्थ सेवन गरि सवारी साधन चलाउनेलाई मुद्धा प्रकृयामा लाने कार्य गरिएको ।
- कार्यालयवाट प्रवाह हुने सबै प्रकारको सेवाका लागि कार्यालयवाटनै सेवाग्राहीहरुको लागि निवेदनका फारमहरु उपलब्ध गराई बाहिर शुल्क तिरी लिने सेवालाई यथासम्भव बन्द गरिएको
- प्रमुख जिल्ला अधिकारीको कार्यकक्षलाई Renovate गरि आकर्षक बनाईएको ।


## जिल्ला प्रशासन कार्यालय, पाल्पा

Website: http://daopalpa.moha.gov.np

Email : daopalpa@gmail.com

Facebook page: https://www.facebook.com/dao.palpa.148

Facebook Id : जिल्ला प्रशासन कार्यालय, पाल्पा

Contact Number: 075-520125 / 520124

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पाल्पा



## श्री भक्ति सरा राना

# सूचना अधिकारी

पदः- सहायक प्रमुख जिल्ला अधिकारी

श्रेणीः- रा.प. द्वितीय

मोबाइल नं.: ९८५७०६०३३३

ईमेलः daopalpa@gmail.com